माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

# ५६औं कार्यपालिका बैठकका निर्णयहरु

१) सोमेश्वर माध्यमिक विद्यालयमा नि. मा. वि. गणित विज्ञान शिक्षक व्यवस्थापन सम्बन्धमा तीन पटकसम्म विज्ञापन गर्दा समेत अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारको निवेदन नपरेकोले अर्को व्यवस्था नभएसम्मका लागी पठनपाठनलाई सुचारु गर्न अत्यावश्यक देखिएकाले न्यूनतम शैक्षिक योग्यता पुगेको उम्मेदवारबाट पदपूर्ति गर्न अनुमति प्रदान गर्ने ।

२) हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग, चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघको सहजीकरण र माडी नगरपालिकाको सहकार्यमा संचालन हुने पेश भए बमोजिमका रु.१३,५५,५०० बराबरका कार्यक्रमहरुलाई संचालन अनुमति प्रदान गर्ने ।

३) अग्निध्वज विल्डर्स प्रा. लि. वीच भएको कार्य सम्झौता अनुसार ठेक्का नं. NCB/MMO/24/2080-81 को म्याद थप सम्बन्धमा म्याद थप गर्नुपर्ने मुनासिब कारण नदेखिएकाले म्याद थप नगर्ने र सो को जानकारी सम्बन्धित पक्षलाई दिने ।

४) माडी नगरपालिकालाई मिति २०८२/०५/२३ गते सडकआश्रित सहयोगपेक्षी मानवमुक्त नगरपालिका घोषणा गर्ने र सो कार्यका लागी मानव सेवा आश्रम (जि.प्र.का.द.नं. ०४/०७३ काठमाण्डौं) सँग परामर्श तथा सम्झौता गरी घोषणाको प्रभावकारी कार्यान्यवन गर्ने ।

५) खोरेतमुक्त सेतो माडी कार्यक्रमलाई सफल वनाउन निम्न संघ/संस्थाहरुलाई सहयोग तथा सहजीकरणका लागी अनुरोध गर्ने ;

क) तराई भू—परिधि कार्यक्रम

ख) राष्टिय प्रकृति संरक्षण कोष

ग) हेफर प्रोजेक्ट नेपाल

घ) रोटरी क्लव अफ मिड टाउन, चितवन

ङ) रोटरी क्लव, चितवन

च) राष्टिय कृषि अनुसन्धान परिषद

६) माडी नगरवालिका, बघौडा अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने ।

७) पशुमा कृतिम गर्भाधानका लागी आवश्यक सिमेन नगरपालिकाले सम्वन्धित पशु प्राविधिक (इन्सिनेटर) वाट प्रति सिमेन रु. पचास राजश्व लिई नियमित रुपमा उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखेर गरिने वैकल्पिक हेरचाह सम्बन्धी कार्यविधि.२०८२ स्वीकृत गर्ने ।

९) माडी नगर बाल अधिकार सँरक्षण तथा सम्बर्धन कार्यविधी २०७८ को परिच्छेद ५ को दफा १७ को उपदफा १ को (क) मा उल्लेख भए बमोजिम नगर बाल अधिकार समितिको सदस्यमा नगरपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्यमा वाटुली सुनार र पूर्णकला सुनार माध्यामिक विद्यालयका प्रधानाध्यापक मध्ये १ जनामा माडी माविका प्रधानाध्यापक भुपेन्द्र पौडेल तथा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञ मध्येबाट माडि ५ नयाँ पिपरियाका मनोसामाजिक परामर्शकर्ता मोहन पोखेल र चिकित्सक तथा स्टाफ नर्समध्ये बघौडा हस्पिटलका नि. मे. सु. शुशिला कटुवाललाई तोक्ने । त्यसैगरी सोही कार्यविधिको परिच्छेद ५ को दफा १७ को उपदफा १ को (ङ) मा बाल अधिकार, वाल कल्याण, शिक्षा स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा सँस्था मध्येबाट खैरेनी मा वि प्रारम्भिक वालविकास सहजकर्ता उमा रानाभाट र मनमोहन वालग्रामका व्यवस्थापक टिका आचार्यलाई तोक्ने ।

१०) साविकमा कायम रहेको फोहरमैला व्यवस्थापन सम्बन्धी सम्झौता नियमानुसार शुल्क लिई थप तीन महिनाका लागी नविकरण गर्ने ।

निर्णय प्रमाणित

२०८२/८/१८.

प्रमुख प्रशासकीय अधिकृत